# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. BHUVAN DEVKODA

Vol. XXII | YEAR OF OUR LORD JESUS CHRIST, JULY 2022 | No. 7


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**



### परमप्रभुको प्रशंसा

**भजनसंग्रह ३०:१-१०**

१. हे परमप्रभु, म तपाईंका महानताको स्तुति गाउनेछु किनभने तपाईंले मलाई गहिराइदेखि माथि उचाल्नुभएको छ र मेरा शत्रुहरूलाई मेरो हाँसो गर्न दिनुभएको छैन ।

२. हे परमप्रभु मेरा परमेश्वर, मैले तपाईंलाई सहायताको निम्ति पुकार गरें अनि तपाईंले मलाई निको पार्नुभयो ।

३. हे परमप्रभु, तपाईंले मलाई चिहानबाट निकाल्नुभयो र मृत-लोकमा जानदेखि मलाई बचाउनुभयो ।

४. हे परमप्रभुका पवित्र जन हो, उहाँको निम्ति भजन गाओ र उहाँको पवित्र नाउँको स्तुति गर ।

५. किनकि उहाँको क्रोध क्षणभरिको मात्र हुन्छ तर उहाँको निगाह आजन्म रहन्छ, आँसु रातभरि मात्र बग्छ तर बिहान आनन्द आउँदछ ।

६. सुरक्षित भएको समयमा म कहिल्यै डग्नेछैनँ मैले भनें ।

७. हे परमप्रभु, तपाईंले निगाह गर्नुहुँदा तपाईंले मेरा पहाडलाई सुदृढ पार्नुभयो । तर जब तपाईंले आफ्नो मुहार लुकाउनुभयो, म दुःखित भएँ ।

८. हे परमप्रभु, मैले तपाईंलाई पुकारें, परमप्रभुमा नै दयाको निम्ति पुकारें ।

९. म मृत-लोकमा गएँ भने मेरो नाशमा के लाभ हुन्छ ? के धुलोले तपाईंको प्रशंसा गर्छ र ? के त्यसले तपाईंको विश्वसनीयताको वर्णन गर्छ र ?

१०. हे परमप्रभु, मेरो बिन्ती सुन्नुहोस् र ममाथि अनुग्रह गर्नुहोस् । हे परमप्रभु, तपाईं मेरो सहायक हुनुहोस् ।

# तपाईंको निर्णयले तपाईंको लक्ष्य निर्धारण गर्दछ !

## YOUR DECISION DETERMINES YOUR DESTINY!

(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)

**यो संसारमा हरेक जनाले आफूलाई असल कुरा भएको चाहन्छ- अनपेक्षीत वा अपेक्षा गरिएको आशिष् ! पदोन्नति !! तर हरेक जनाले परमेश्वरबाट अद्वितीय बोलावट पाएका छन् र उहाँले हामी हरेकलाई भिन्दै तरिकाहरूमा अगुवाइ गर्नुहुन्छ । हाम्रो बोलावट भिन्दै हुन सक्छ - तर हामीले सही समयमा लिएका निर्णयहरूले हाम्रो लक्ष्य निर्धारण गर्दछ । जब हामीले धेरै मानिसहरूको जीवनलाई अध्ययन गर्छौं, यो सत्यता उजागर भएको छ । हामीले एलिया, एलीशा र एलीशाको सहयोगी गेहजीको जीवनलाई अध्ययन गरौं । यी सबै मानिसहरू एउटै पुस्ताका थिए ।**

## १. एलिया अगमवक्ता

एलिया ईशापूर्व ९१०-८९६ को बीचमा जीवित थिए। उनी तिश्बी, गिलाद देशबाट बोलाइएका थिए । तिनलाई छानिएको थियो र प्रभुद्वारा अगमवक्ता हुन बोलाइएको थियो । तिनको जन्म वा तिनको परिवारको बारेमा बाइबलले कुनै पनि जानकारी दिएको छैन ।

"एलिया" नामको अर्थ "यहोवा मेरो परमेश्वर हुनुहुन्छ" भन्ने हो। जब हामीले समग्र रूपमा एलियाको जीवनलाई हेर्छौं, तिनलाई बोलाउनुहुनेचाहिँ परमप्रभु नै हुनुहुन्थ्यो भनेर हामीले ध्यान दिन्छौं र अन्त्यमा तिनलाई स्वर्गमा उठाइलैजाने पनि परमप्रभु नै हुनुहुन्थ्यो। तिनले मृत्युको अनुभव गरेनन् । तिनको निम्ति अन्त्येष्टी सेवा गरिएको थिएन । अनि तिनी पृथ्वीमा हुँदा तिनले पशुको छालाले बनेको लुगा लगाउँदै- आफ्नो छातीमा रौं र पेटी लगाउँदै साधुको रूपमा जिउँथे ।

परमेश्वरले यो मानिसलाई देख्नुभयो, जो जंगलमा बस्थे, पवित्र जीवन जिउँथे र उहाँको अचम्मको योजना पूरा गर्न तिनलाई छान्नुभयो । परमेश्वरको छनोट मानिसको शैक्षिक योग्यता वा उसको आर्थिक अवस्था वा पारिवारिक पृष्ठभूमिको आधारमा थिएन । एलियाको एउटै मात्र योग्यताचाहिँ तिनी परमेश्वरको आवाज सुन्न र परमप्रभुले भन्नुभएका का मगर्न सधैं तयार हुन्थे। अनि परमेश्वरले तिनलाई राजा आहाब र राजा अहाजको शासनकालमा अगमवक्ता बनाउनुभयो । एलियाको समयमा, ओम्रीका छोरा आहाबले आफ्ना अघिका सबै राजाहरूभन्दा परमप्रभुको दृष्टिमा अझ बढी दुष्ट्याइँ गरे । नबातका छोरा यारोबामका पापी चालहरूमा हिँड्न तिनको निम्ति कम भएजस्तो मात्र होइन तर तिनले सीदोनीहरूका राजा एताबालकी छोरी

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



(ECHO GROUP)

# तपाईंको प्रिय भाइबाट....



## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


CHIEF EDITOR

Angeline Selvakumari Henry, M.A., M.Ed.

MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

ADMINISTRATION

Bro. N. Prakasam, M.A., General Manager

EDITORIAL BOARD

Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

E.mail ID

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

YOUTUBE CHANNEL

Echo of His Call




**"परमप्रभु अनुग्रही र टिठालु हुनुहुन्छ, क्रोध गर्नमा ढिलो र अति करुणामय हुनुहुन्छ" (भजनसंग्रह १४५:८) ।**

प्रिय दाजुभाइ तथा दिदीबहिनी,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको आशिषित नाउँमा अभिवादन ।

हामी तपाईंको प्रेम र हाम्रा विभिन्न सेवकाइहरू र सेवकहरूप्रति दिनुभएको चासोको निम्ति तपाईंप्रति धन्यवादी छौं । तपाईंको प्रेमिलो दयाद्वारा हामी अत्यन्तै उत्साहित भएका छौं । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

हाम्रो नहेम्याह बाइबल कलेजका अध्यक्ष पास्टर एम. मुथुको स्वास्थ्यमा सुधार आइरहेको छ । उहाँको निम्ति प्रार्थना गरिरहनुभएका हाम्रा सबै मित्रहरूलाई हामी धन्यवाद दिन्छौं । कृपया निरन्तर उहाँको निम्ति प्रार्थना गरिदिनुहोला ।

तपाईंलाई थाहै छ कि हामी बोलावटको प्रतिध्वनि पत्रिकाको प्रवर्द्धनका क्रियाकलापहरूमा, हिन्दी, ओडिया र तामिल भाषामा नहेम्याह बाइबल बाइबल कलेज, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, मण्डलीहरू, आदिमा अत्यन्तै व्यस्त छौं । परमेश्वरले चेन्नाइ सहरबाट बाहिर र भित्र यात्रा गर्दा र हाम्रा सबै क्रियाकलापहरूमा आशिष् दिइरहनुभएको छ । हामी अर्को अंकमा खाडलदेखि महलसम्मको स्तम्भको अधीनमा रहेको सन्देशलाई निरन्तरता दिनेछौं किनकि हामी यो महिना अत्यन्तै व्यस्त छौं ।

यसका अतिरिक्त हाम्रा प्रिय भाइ र मासिक पत्रिका बोलावटको प्रतिध्वनिका सिनियर सहसम्पादक भाइ म्यानुएल एम. पावलराज २५ मई २०२२ मा महिमामा प्रवेश गर्नुभयो । कृपया उहाँको परिवारलाई प्रार्थनामा सम्झिदिनुहोला । जब उहाँ बिरामी हुनुहुन्थ्यो, उहाँको लागि प्रार्थना गरिदिनुभएको निम्ति तपाईंप्रति हामी धन्यवादी छौं ।

परमेश्वरको अनुग्रहद्वारा हाम्रो नहेम्याह बाइबल कलेजको २३ औं दीक्षान्त समारोह ३ जून २०२२ मा सम्पन्न भएको थियो । २३ जना विद्यार्थीहरू दीक्षान्तित भएका थिए र भारतको सुसमाचार नपुगेको भागहरूमा सुसमाचार पुऱ्याउने उत्कट चाहनाको साथमा मिसनको कामको निम्ति अलग गरिएका छन् ।

परमेश्वरको अनुग्रहद्वारा, हाम्रो नहेम्याह बाइबल कलेज (तामिल भाषामा साँझको कोर्स र हिन्दी ओडिया भाषामा आवासीय कोर्स) पूर्वनिर्धारित समयअनुसार ६ जून २०२२ मा पुनः संचालन भएको थियो र कक्षाहरू पूर्णरूपमा भइरहेको छ । त्यस्तै गरी, हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल पनि १३ जून २०२२ मा पुनःसंचालन भएको थियो । कृपया यी संस्थाहरूको सफलताको निम्ति प्रार्थना गरिदिनुहोला ।

यी दिनहरूमा, हाम्रा सहकर्मीहरूका परिवारका सदस्यहरूका निम्ति निरन्तर प्रार्थना गरिदिनहुन हामी अनुरोध गर्दछौं किनकि हाम्रा सदस्यहरूमध्ये केहीलाई परमेश्वरको भौतिक छुवाइको आवश्यकता छ ।

परमेश्वरको राज्यको बिस्तारको निम्ति हाम्रा बहुसंख्यक सेवकाइहरूका सबै आवश्यकताहरूलाई कृपया सम्झिदिनुहोस् ।

आउने दिनहरूमा परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिनुहुनेछ ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*


*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com



**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ✿ BIBLECOR - Postal Courses (3 languages) ✿ Online Courses ✿ Theological Correspondence Courses (2 languages) ✿ Church Planting ✿ Nehemiah Bible Colleges ✿ Gospel Printing Press ✿ Great Commission Partners ✿ St. Paul's Matriculation School ✿ Crusades ✿ Community Development

*पृष्ठ १ बाट*

ईजेबेललाई पनि विवाह गरे र बाल देवताको सेवा गरेर त्यसलाई पुज्न लागे । सामरियामा तिनले बनाएको बालको मन्दिरमा बालको निम्ति एउटा वेदी बनाए (१ राजा १६:३०-३२) । स्वर्ग र पृथ्वीका परमेश्वरलाई आराधना गर्नको साटो इस्राएली राजाले मूर्तिलाई पूजिरहेका थिए ।

### १. पानी पर्नेछैन भने एलियाले भनेका थिए र पानी परेनः

एलियाले परमेश्वरको वचन राजा आहाबलाई भने, "यी वर्षहरूमा मैले नभनेसम्म पानी पर्नेछैन वा शीत पर्नेछैन ।" तिनले भनेझैं तीन वर्ष र छ महिनाको निम्ति वर्षा भएको थिएन । राजाको अघि खडा हुन र परमप्रभुले भन्नुभएका कुरा बताउन तिनले भय मानेनन् ।

एलिया पवित्र र धर्मी जन थिए, जसको परमेश्वरमाथिको विश्वास महान् थियो । तिनी साहसी थिए र केहीको परिणामहरूका बारेमा कहिल्यै भय मानेनन् ।

### २. तिनी आज्ञाकारी अगमवक्ता थिएः

परमेश्वरले एलियालाई भन्नुभयो, **"यो ठाउँ छोडेर पूर्वतिर लाग् र यर्दनको पूर्वतिर भएको करीतको खोल्सामा गएर लुकिबस्"** (१ राजा १७:३) । परमप्रभुले भन्नुभएझैं तिनी त्यो स्थानमा गए । परमप्रभुले प्रतिज्ञा गर्नुभएझैं कागहरूले बिहान र बेलुका तिनलाई रोटी ल्याएका थिए । त्यहाँ लामो समयसम्म वर्षा नभएको हुनाले त्यो खोल्सा सुक्यो । त्यसपछि परमेश्वरले तिनलाई भन्नुभयो, "उठ, सीदोनको इलाका सारपतमा जा र त्यहाँ एक जना विधवाको घरमा बस् ।" एलियाले यो आज्ञा पनि पालन गरे । सारपतमा तिनले एक जना विधवा भेटे र तिनीसँग रोटी र पानी मागे । विधवासँग अत्यन्तै थोरै खानेकुरा बाँकी भए पनि तिनले मागेको कुरा तिनीले दिई । त्यसैले, भूमि पानीले आशिषित नपारेसम्म तिनीले प्रशस्त आशिष् पाइन् । पछि, जब तिनको छोरो मरेको थियो, एलियाले त्यसलाई मरेकोबाट जीवित बनाएका थिए ।

### ३. तिनी साहसी अगमवक्ता थिए (१ राजा १८:१८-३९):

त्यसपछि परमेश्वरले एलियालाई राजा आहाबको अघि देखा पर्न पठाउनुभयो, एलियाले राजालाई सारा इस्राएललाई कर्मेलको डाँडामा बालका ४५० अगमवक्ता र आशेरका ४०० अगमवक्तालाई भेला हुन बताए । एलियाले मानिसहरूलाई सोधे, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ । तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ ।" तिनले भन्दै गए, "अब हाम्रा निम्ति दुई वटा साँढे ल्याओ । उनीहरूले आफ्ना निम्ति एउटा छानेर टुक्रा-टुक्रा गरी काटेर आगो नलगाईकन दाउरामाथि राखून् । अनि मचाहिँ त्यो अर्कोलाई तयार गरेर आगो नलाईकन दाउरामाथि राख्नेछु । तब तिमीहरू आफ्नो देवता पुकार र म परमप्रभुको नाउँ पुकार्नेछु । त्यो देवता, जसले आगोद्वारा जवाफ दिनुहुन्छ, त्यही नै परमेश्वर हुनुहुन्छ ।" त्यसैले सबै मानिसहरूले जवाफ दिएर भने, "तपाईंले भन्नुभएको कुरा असल हो ।" अब एलियाले बालका अगमवक्ताहरूलाई भने, "एउटा साँढे छान र त्यसलाई पहिले तयार गर किनभने तिमीहरू यति धेरै छौ । आफ्नो देवताको नाउँ पुकार तर आगोचाहिँ नलगाओ ।" त्यसैले तिनीहरूलाई दिइएको एउटा साँढे लिए र त्यसलाई तयार गरे र बिहानदेखि दिउँसोसम्मै बालको नाउँ यसो भन्दै पुकारे, हामीलाई सुन्नुहोस् । तिनीहरूले आफ्नो शरीर काटे र तिनीहरूले आफ्नो रगत बहाए । तर त्यहाँ कुनै आवाज आएन, कुनै जवाफ आएन । त्यसपछि तिनीहरूले आफ्नो हार स्वीकार गरे ।

त्यसपछि एलियाले परमप्रभुको नाउँमा ढुंगाले वेदी बनाए । तिनले वेदीको वरिपरि खाडल खने । तिनले क्रमैसँग दाउरा राखे, काटिएको साँढेको टुक्राहरू राखे र त्यसमाथि दाउरा राखे र भने, "चार गाग्री पानीले भर र जलाउन राखिएको बलि र दाउरामाथि खन्याइदेऊ ।" त्यसपछि तिनले भने, "दोस्रो पटक त्यस्तै गर" र तिनीहरूले दोस्रो पटक त्यस्तै गरे र तिनले भने, "फेरि तेस्रो पटक त्यस्तै गर ।" अनि तिनीहरूले तेस्रो पटक त्यस्तै गरे । त्यसैले पानी वेदीको वरिपरि भरियो र तिनले खाडल पनि पानीले भरे ।

साँझको बलिदानको भेटी दिने समय आयो, एलिया अगमवक्ताह नजिकै आए र भने, **"हे परमप्रभु, अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, इस्राएलमा तपाईं परमेश्वर हुनुहुन्छ र मचाहिँ तपाईंको दास हुँ र यी सबै काम तपाईंको आज्ञाअनुसार मैले गरेको छु भनी आज थाहा होस्"** (१ राजा १८:३६) । त्यसपछि परमप्रभुको आगो तल आयो र होमबलिलाई भस्म गऱ्यो र त्यसले दाउरा, ढुंगा र खाडलमा भरिएको पानीलाई समेत भस्म गऱ्यो । अब जब सबै मानिसहरूले त्यो देखे, तिनीहरू घोप्टो परेर निहुरिए र तिनीहरूले भने, "परमप्रभु, उहाँ परमेश्वर हुनुहुन्छ । परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ ।" एलियाले स्वर्गबाट आगो ल्याएर इस्राएलका दोधारे मन भएका मानिसहरूका अघि "परमप्रभु परमेश्वर हुनुहुन्छ" भनेर प्रमाणित गरे ।

हाम्रा दिनहरूमा, परमेश्वरका यस्ता सेवकहरू र अगमवक्ताहरू देख्न बिरलै भएको छ । हालका दिनमा जब आश्चर्यकर्म हुन्छ वा अगमवाणीका वचनहरू आउँछन्, हामीले परमेश्वरका केही सेवकहरू आफ्ना प्रार्थनाबाट यस्तो भएको भनेर दाबी गरिरहेने परिवारहरूमा भ्रमण गरेको के देख्दैनौं ? परमेश्वरका सम्बन्धित सेवकहरूको क्यामेराको टोली आफ्ना मिडियाका सामाग्रीहरूका साथमा यस्तो घरमा भ्रमण गर्दै र यस्ता परिवारका सदस्यहरूका वरिपरि हिँड्दै के त्यसलाई व्यवसाय बनाइरहेको कुरा सत्य होइन र ? यस्ता व्यापारका अगमवक्ताहरूलाई सहायता गर्ने मानिसहरू पनि वृद्धि भइरहेको छ । परमेश्वरले नै आश्चर्यकर्म गर्नुहुन्छ । येशूले भन्नुभयो, "तिमीहरूले सित्तैमा पायौ, सित्तैमा देओ" (मत्ती १०:८) ।

## २. अगमवक्ता एलीशा

परमप्रभुले भन्नुभएझैं एलिया अगमवक्ताले एलीशालाई भेटे, जबकि तिनले बाह्र हल गोरुले जोतिरहेका थिए र तिनले आफ्नो वस्त्र तिनमाथि राखे । एलीशाले तिनलाई पछ्याए र तिनको सेवक बने (१ राजा १९:१९० । परमप्रभुले एलियालाई जिउँदै उठाइलैजानुभएपछि एलीशा राजा यारोम, येशू र योआशको शासनकालको समयमा आश्चर्यकर्म गर्ने महान् अगमवक्ताह बने ।

एलियाको अधीनमा एलीशाको तालिम गाह्रो थियो । आफैंलाई एक्लै मेहेनेत र कठोर तालिममा स्वेच्छाले समावेश हुन जोसुकै पनि परमेश्वरको असल सेवक बन्न सक्छ । मेहेनेत, उपयुक्त तालिम र सही क्रियाकलापहरूमा आफैंलाई अर्पण गर्न इन्कार गर्ने मानिसहरूले कुनै पनि महान् कामहरू प्राप्त गर्न सक्दैनन् । शनिवारको सेवामा मात्रै सहभागी भएर परमेश्वरको निम्ति ठूलो बलिदान गरिरहेको छु भनेर सोच्ने मानिसहरू परमेश्वरको महान् सेवक बन्न सक्दैनन् ।

## १. एलीशालाई सेवकाइमा बोलाउने व्यक्तिको साथमा उनी एक बने:

एलिया र एलीशाले गिलगालमा सेवकाइ गरिरहेको समयमा एलियाले अचानक एलीशालाई भने, "तिमी यहीँ बस किनकि परमप्रभुले मलाई बेथेलमा पठाउनुभएको छ।" तर एलीशा आफ्नो अगुवाई नछोड्ने दृढ निश्चयतामा थिए। त्यसैले तिनले जवाफ दिए, "जबसम्म परमप्रभु जीवित हुनुहुन्छ र तपाईंको आत्मा जीवित रहन्छ, म तपाईंलाई छोड्नेछैन।" त्यसैले, तिनले एलिया जहाँ गए पनि तिनलाई पछ्याए।

त्यसैले तिनीहरू दुवै बेथेलमा गए र बेथेलबाट तिनीहरू यरीहोमा गए। त्यसपछि यरीहोबाट तिनीहरू यर्दन गए। यी सबै स्थानहरूमा एलियाले आफ्नो सेवकलाई एक्दै छोड्ने कोसिस गरे तर एलीशाले आफ्नो अगुवा एलियालाई केही क्षणको लागि पनि छोड्ने चाहना गरेनन् तर तिनी जहाँ गएपनि तिनको अगुवालाई पछ्याए।

यर्दनमा पनि एलियाले एलीशालाई यसो भन्दै छोड्ने चाहना गरेका थिए कि तिनी यर्दन नदी तर्न चाहेका थिए। एलीशाले पनि तिनीसँगै नदी तर्नुपर्छ भनेर जोड दिएका थिए। आफ्नो अगुवालाई पछ्याउनमा स्थिर भएका एलीशाले पनि एलियासँगै नदी तरे। नदी तर्नुअघि अगमवक्ता एलियाले आफ्नो पछ्यौरा खोले र पानीमा हिर्काए। नदी दुई भागमा विभाजन भयो, तिनीहरूलाई हिँड्नको निम्ति मार्ग तयार गर्दै। तिनीहरू दुवैले नदी तरे।

अब एलियाले एलीशालाई भने कि तिनले चाँडै पृथ्वी छोड्न लागेका छन्। "तिमीबाट उठाएर लान अघि म तिम्रो निम्ति के गरूँ ?" एलीशाले जवाफ दिए, "तपाईंको आत्माको दोब्बर भाग पाउने हक मलाई दिनुहोस्।" एलियाले तिनलाई भने, "तिमीले त गाह्रो कुरा पो माग्यौ। तापनि तिमीले मलाई तिमीबाट उठाइलगेको देख्यौ भने त्यो तिम्रो हुनेछ- होइन भने पाउनेछैनौ।" अनि जब एलीशाले ध्यानपूर्वक एलियालाई हेरे, घोडाहरूका साथमा अचानक आगोको रथ देखा पऱ्यो र एलिया सो रथमा स्वर्ग उक्ले। आफ्नो अगुवा उठाइलगिएको हुनाले एलीशाले पुकारा गरे र विलाप गरे। एलियाबाट खसेको पछ्यौरा तिनले लिए र फिर्ता गए र यर्दन नदीको किनारामा खडा भए (२ राजा २:१२-१३)।

## २. एलीशा कहिल्यै निरास भएनन्:

आफ्नो अगुवाको वचन र क्रियाकलापहरूबाट एलीशा धेरै पटक जाँचिएका थिए भनेर एलीशालाई थाहा भए पनि तिनी कहिल्यै पनि निरास भएनन्।

**कष्टमा परेका मानिसहरूलाई परमेश्वर सहायता गर्न सक्षम हुनुहुन्छ। तिनीहरूलाई कहिल्यै पनि शर्ममा राखिनेछैन।** तपाईंको जीवनमा केही कुरा कहिल्यै हुनेछैन भनेर तपाईंले सोच्नुभएको हुन सक्छ। तपाईंका प्रार्थना सुनुवाइ नभएको देखिएका थिए, दिन र पैसा व्यर्थमा खर्च भएका छन्। तपाईंले प्रभुको सेवा गर्नुभए पनि हरेक थोक असफलताको निम्ति बढिरहेको देखिएको हुन सक्छ। तपाईंले प्रश्न पनि गर्नुभएको हुन सक्छ, "के परमेश्वर वास्तवमै हुनुहुन्छ ?"

के तपाईं अहिले निरास हुनुभएको छ ? निरास नहुनुहोस्, साहसी हुनुहोस्। परमेश्वरले तपाईंको जीवनमा निश्चय नै अनपेक्षित आश्चर्यकर्म गर्नुहुनेछ। एलीशाजस्तै आफैंलाई रूपान्तरण गर्नुहोस्। त्यसो हो भने समय निश्चय नै परिवर्तन हुनेछ। अवस्थाहरू परिवर्तन हुनेछन्। हाम्रो परमेश्वर परिवर्तन हुनुहुन्न।

एलियालाई परमप्रभुले उठाइलग्नुभएपछि एलीशाले पुकारा गरे, "हे मेरा पिता, हे मेरा पिता," तिनले आफ्नो विश्वास गुमाएनन्। तिनले आशा गुमाएनन्। तिनले आफ्नो शिरमा भएको आफ्नो अभिषेक र बोलावटलाई बेवास्ता गरेनन्। तिनले स्वर्गतिर आँखा उचाले र पुकारा गरे।

प्रिय पाठकहरू, एलीशाले एलियाले झारेका पछ्यौरा लिए र पानीमा हाने, नदी दुई भागमा विभाजन भयो। एलीशाले नदी पार गरे। तपाईंले आफ्नो योग्यताहरू र कमजोर अवस्थाको बारेमा विचार नगर्नुहोस्। बाइबलले भन्दछ, एलीशाले धेरै आश्चर्यकर्महरू गरे।

## ३. परमेश्वरले हरेक सानो प्रार्थनाको जवाफ दिनुहुन्छ:

जब हामीले आफ्ना आवश्यकताहरूका निम्ति परमेश्वरसँग प्रार्थना गर्छौं, हामीले चाहेको तरिकामा हामीलाई जवाफ दिन परमेश्वरलाई आवश्यक हुँदैन। उदाहरणको निम्ति, तपाईंले आफ्नो निम्ति बैंकले ऋण पारित गरेको होस् भनेर उपवास बस्नुभएको र प्रार्थना गरिरहनुभएको हुन सक्छ। परमेश्वरले ऋण प्राप्त गर्न सहायता नगर्न पनि सक्नुहुन्छ। तर उहाँले अन्य केही

....*Contd. to page 6*


**NEHEMIAH BIBLE RESIDENTIAL COLLEGE, Chennai.**

Medium : Hindi

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ★ ECHO OF HIS CALL ★ Estd.: 1969

**Certificate in Theology : One year**
**Diploma in Theology : Two years**

Qualification : 10th Standard & above
**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

**जूलाइ १९:** सुसमाचारको साथमा सुसमाचार नपुगेको क्षेत्रहरूमा प्रवेश गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो।

**जूलाइ २०:** हाम्रा सहयोगीहरूका प्रार्थना र सहायताको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**जूलाइ २१:** हाम्रो सेन्ट मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सको लागि परमेश्वरलाई प्रशंसा होस्।

**जूलाइ २२:** हाम्रो पास्टर एस. साम सेल्भाराज र परिवारको निम्ति प्रशस्त आशिष्को निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**जूलाइ २३:** हाम्रा सबै सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

**जूलाइ २४:** परमेश्वरले हाम्रो मुख्य र शाखा मण्डलीहरूमा धेरै विश्वासीहरूका साथमा आशिष् दिनुभयो।

**जूलाइ २५:** हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

**जूलाइ २६:** हाम्रा कर्मचारीहरूका परिवारहरूमाथि आफ्नो आशिष् खन्याउनुभएको निम्ति परमप्रभुलाई प्रशंसा।

**जूलाइ २७:** हाम्रा देशहरूको सुरक्षाको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**जूलाइ २८:** ३ जून २०२२ मा आयोजना भएको हाम्रो नहेम्याह बाइबल कलेजको दीक्षान्त समारोहमा आशिष् दिनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**जूलाइ २९:** हाम्रो मण्डलीमा अभिषेकको साथमा नयाँ विश्वासी आशिष् दिनुभएको निम्ति परमेश्वरलाई महिमा होस्।

**जूलाइ ३०:** हाम्रो आवासीय र साँझ नहेम्याह बाइबल कलेज कोर्सहरूका निम्ति नयाँ विद्यार्थीहरू प्राप्त गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो।

**जूलाइ ३१:** आवासीय बाइबल कलेजको अत्यावश्यक खाँचोहरूका निम्ति पानी कुलर, फ्रिज, खाट, म्याटहरू, भाँडाकुँडाहरू, आदि किन्न हामीलाई सहायता गर्नुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**अगस्त १:** प्रान्तीय संयोजकहरू र उहाँका संगतिहरूका निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**अगस्त २:** मिसनका काम गर्ने सेवकहरूबाट भएको महान् प्रतिबद्धताको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

**अगस्त ३:** परमप्रभु हाम्रा परमेश्वरले हाम्रा सिनियर पास्टर एस.साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्ट अधीनताहरूबाट सुरक्षित राख्नुभएको छ।

### प्रार्थनाको निम्ति बुँदाहरू

**अगस्त ४:** हाम्रा अंग्रजी सहसम्पादक भाइ म्यानुएल एम. पावलराज २५ मई २०२२ मा महिमामा प्रवेश गर्नुभयो। उहाँका शोकित मित्रहरू, परिवार र आफन्तहरूका निम्ति प्रार्थना गरिदिनुहोला।

**अगस्त ५:** सुसमाचार नपुगेको स्थानहरूमा सुसमाचा फैलाउन हामीलाई सक्षम बनाइरहन परमेश्वरमा प्रार्थना गर्नुहोला।

**अगस्त ६:** सबै धर्महरूका बीचमा एकताको निम्ति प्रार्थनामा समर्पित भइरहन।

**अगस्त ७:** परमेश्वरप्रति सबै देशहरूका बीचमा इमानदारीताको निम्ति निरन्तर प्रार्थना गरिदिनुहोला।

**अगस्त ८:** पृथ्वीमा परमेश्वरको राज्य बिस्तार गर्न धेरैभन्दा धेरै दर्शनहरू हामीलाई दिन परमेश्वरमा प्रार्थना गरिदिनुहोला।

**अगस्त ९:** सबै पक्षहरू र योजनाहरूमा हाम्रो देशको एकता र प्रगतिको निम्ति।

**अगस्त १०:** आज हामी सेवकाइको ५४ औं वर्षमा प्रवेश गरेका छौं। कृपया हाम्रो लागि प्रार्थना गरिदिनुहोस्।

**अगस्त ११:** रूस र यूक्रेन बीचको लडाइँको निम्ति प्रार्थना गरिदिनुहोला र संसारभरि शान्तिको आवश्यक भएको छ।

**अगस्त १२:** संसारभरि शान्तिको निम्ति प्रार्थना गरौं।

**अगस्त १३:** हाम्रो सिनिय पास्टरको जीवनी लेखाइमा सफलताको निम्ति परमेश्वरसँग प्रार्थना गरौं।

**अगस्त १४:** महिला र बालबालिकाको विरुद्धमा हुने हिंसाको उन्मूलनको निम्ति प्रार्थना गरौं।

**अगस्त १५:** हाम्रा संयोजकहरू र पास्टरहरूलाई परमेश्वरले नयाँ सामर्थ्य दिनुभएको होस्।

**अगस्त १६:** सबै ख्रीष्टियान संस्थाहरूका निम्ति प्रार्थना गरौं।

**अगस्त १७:** हाम्रो मिसनको क्षेत्रमा भएका सेवकहरूका निम्ति प्रार्थना गरौं।

**अगस्त १८:** हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको योजनाहरूमा परमेश्वरको आशिष्को निम्ति प्रार्थना गरौं।

*....Contd. from page 4*

तरिकामा तपाईंका आर्थिक आवश्यकता अचम्म प्रकारले पूरा गर्नुहुनेछ ।

डा. रबिन्दर बोअज भन्ने एक जना असल मित्र हुनुहुन्छ, जो चेन्नाइमा सर्जन हुनुहुन्छ । उहाँ परमेश्वरलाई प्रेम गर्ने मानिस हुनुहुन्छ, जससलाई पैसाको निम्ति लोभ छैन । उहाँ परमेश्वरको सेवक पनि हुनुहुन्छ । एक पटक मेरा अन्य साथीहरूमध्ये एक जनामा डाक्टरले पाइल्स पहिचान गर्नुभएको थियो र त्यो अपरेसन गर्नुपर्ने थियो । त्यो साथी प्रार्थनाको निम्ति मकहाँ आएको थियो । मैले उहाँको निम्ति प्रार्थना गरें, जो अत्यन्तै गरिब हुनुहुन्थ्यो र त्यसपछि मैले उहाँलाई मेरो साथी डा. रबिन्दर बोअजकहाँ लगें ।

बिरामीलाई जाँच गर्नुअघि डाक्टरले छोटो प्रार्थना गर्नुभयो । त्यसपछि उहाँले बिरामीलाई भन्नुभयो, "तपाईंलाई अपरेसनको आवश्यकता छैन, प्रशस्त पानी पिउनुहोस्, धेरै हरियो तरकारी र केरा खानुहोस् । एक हप्तापछि आउनुहोस् । तपाईं निको भइसक्नुहुनेछ भनेर मलाई निश्चय छ ।" जब हामी फर्कंदैथियौं, बिरामीको अनुहार न्याउरो थियो । जब मैले उहाँलाई सोधें, "तपाईं किन चिन्ता गर्नुहुन्छ ?" उहाँले जवाफ दिनुभयो, "मैले चिन्ता गरेको छु किनभने मेरो अपरेसन भएको छैन ।" उहाँको आशाचाहिँ कम खर्चमा अपरेसन गर्नु थियो । तापनि, उहाँले डाक्टरको अर्तीलाई मान्नुभयो ।

तर के भएको थियो भने उहाँ अपरेसनबिना नै पूर्णरूपमा निको हुनुभएको थियो । उहाँको समस्याचाहिँ के थियो भने उहाँ अपरेसनको निम्ति तयार हुनुभएको थियो र अहिले अपरेसन भएको थिएन ।

कहिलेकाहीँ हामीले प्रार्थना गर्छौं र हाम्रो मनले चाहेअनुसार हामीले जवाफको आशा गर्छौं- तर परमेश्वर आफ्नै बुद्धि र शक्तिमा काम गर्नुहुन्छ । तर हामीचाहिँ त्यो आश्चर्यकर्म स्वीकार गर्न तयार हुनुपर्छ ।

एलियाको दोब्बर शक्तिको भागको साटो एलीशाले तिनको पछ्यौरा मात्रै प्राप्त गरे भनेर पनि तिनले सोच्न सक्थे । तर एलीशाले आत्मिक मानिस भएर पूर्ण हृदयको साथमा पछ्यौरा लिन तयार भए ।

परमेश्वरका प्रिय छोराछोरीहरू, तपाईंको प्रार्थनामा परमेश्वरको जवाफप्रति तपाईंको व्यवहार कस्तो छ ?

## ३. गेहजी

सिरियाली सेनाको एक जना महान् सेनापति थिए, जसको शरीरमा कुष्ठरोग थियो । तिनको नाम नामान थियो (२ राजा ५:१) । तिनको घरमा इस्राएलकी एउटी केटी काम गर्थी र आफ्नी मालिक्नीलाई सल्लाह दिई कि नामानलाई एलीशाकहाँ लगियो भने उहाँ स्वस्थ हुन सक्नुहुन्छ । त्यसैले, नामान एलीशाकहाँ आए । जब तिनी एलीशाको घरको ढोकामा खडा भए, एलीशाले तिनलाई यर्दन नदीमा सात पटक आफैंले डुबुल्की मार्न भने । नामान यस कुराले रिसाए र भने, "मैले सोचेको थिएँ, तिनी बाहिर निस्किआएर परमप्रभु आफना परमेश्वरको नाउँ पुकारेर मेरो रोग भएको ठाउँमाथि हात हल्लाएर मेरो कुष्ठरोग निको पारिदिनेछन् होला । के दमस्कसका अबाना र फारफर नदीहरू इस्राएलको कुनै पानीभन्दा असल छैनन् र ? के म तिनमा नै धोएर शुद्ध हुन सक्दिनँ र ?" नामानका नोकरहरूले उनीकहाँ आएर उनलाई भने, "हे पिताज्यू, यदि अगमवक्ताले तपाईंलाई केही ठूलो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के तपाईं गर्नुहुनेथिएन र ? उहाँले तपाईंलाई धोएर शुद्ध हुनुहोस् भन्नुभएकोमा तपाईंले झन् किन नगर्ने ?"

यो कुरा सुनेर, नामान पानीमा ओर्ले र परमेश्वरको जनले भनेबमोजिम यर्दन नदीमा सात पल्ट स्वयम् डुबुल्की मारे र उनको मासु ज्यूँका त्यूँ भयो, जवान केटाको जस्तै भयो । तब नामान र उनका नोकरहरू परमेश्वरका जनका फर्केर आए । उनी तिनको सामु खडा भएर भने, "अब मलाई थाहा भयो कि इस्राएलमा बाहेक सारा संसारमा कुनै परमेश्वर हुनुहुन्न । कृपा गरी अब आफ्नो दासबाट केही उपहार लिनुहोस् ।" तर एलीशाले भने, **"जीवित परमप्रभु, जसको सेवा म गर्दछु, उहाँको नाउँमा शपथ खाएर म भन्दछु, म केही पनि ग्रहण गर्नेछैनँ ।" त्यो लिनलाई नामानले तिनलाई कर लगाए तापनि तिनले इन्कार गरे** (२ राजा ५:११-१६) ।

तब परमेश्वरका जन एलीशाको चाकर गेहजीले आफ्नो मनमा भन्यो, "मेरा मालिकले त यी अरामी नामानलाई उनले ल्याएका चीज नलिएर सजिलैसित पठाए । परमप्रभुका जीवनको शपथ खाएर म भन्छु, म कुदेर गई उनलाई भेटेर उनीबाट केही लिनेछु ।" यसैले गेहजी नामानको पछिपछि हतार-हतार गरी कुदेर गयो । जब नामानले त्यसलाई आफूतिर कुदेर आइरहेको देखे, तब त्यसपछि भेट गर्न उनी आफ्नो रथबाट ओर्लेर उनले सोधे, "के

NEHEMIAH BIBLE
EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

Medium :Tamil

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years

Certificate in Theology : One year
Diploma in Theology : Two years

Qualification : 10th Standard & above
Rush for admission!

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

सबै ठीक छ ?" गेहजीले जवाफ दियो, "सबै ठीक छ । मेरा मालिकले मलाई यसो भनेर पठाउनुभएको छ, एफ्राइमको पहाडी देशबाट अगमवक्ताको दलबाट दुई जना जवान मानिसहरू भर्खरै आएका छन् । कृपा गरी तिनीहरूलाई एक तोडा चाँदी र दुई जोर लुगा दिनुहोस् ।" नामानले भने, "निश्चय, दुई तोडा लैजाऊ न ।" उनले गेहजीलाई ती लान ढिपी गरे अनि उनले ती दुई तोडा चाँदी र दुई जोर लुगा दुई वटा थैलामा बाँधिदिए । उनले आफ्ना दुई नोकरलाई ती दिए र ती बोकेर उनीहरूले गेहजीको अगिअगि हिँडे । जब गेहजी डाँडामा आइपुग्यो, तब त्यसले ती चीज ती दुई नोकरबाट लिएर घरमा राख्यो । त्यसले उनीहरूलाई बिदा गर्‍यो र उनीहरू गइहाले ।

तब त्यो भित्र गएर आफ्ना मालिक एलीशाको सामुन्ने खडा भयो । एलीशाले सोधे, "गेहजी, तँ कहाँ गएको थिइस् ?" गेहजीले जवाफ दियो, "हजूरको चाकर कतै पनि गएको थिएन ।" तर एलीशाले त्यसलाई भने, **"जब ती मानिस आफ्नो रथबाट ओर्लेर तँलाई भेट्न फर्कंदा के मेरो आत्मा तँसित थिएन र ? रुपियाँपैसा वा लुगा लिने वा भद्राक्षका बोटहरू, दाखबारीहरू, भेडा-बाखाहरू, गाई-गोरुहरू र कमारा-कमारीहरू ग्रहण गर्ने यो समय हो र ? नामानको कुष्ठरोग तँ र तेरा सन्तानमा सधैंको लागि टाँसिरहनेछ ।" तब गेहजी तिनको सामुन्नेबाट गइहाल्यो र त्यो हिउँजस्तै सेतो कुष्ठरोगी भयो** (२ राजा ५:२०-२७) । परमेश्वरको सेवक गेहजी परमेश्वरको सेवकहरूको सूचीबाट हटाइएको थियो । तिनका सन्तानहरू पनि श्रापित भए ।

तपाईंको रोल मोडल को हो ? **तपाईंले मलाई सोध्नुहुन्छ भने म एलीशाजस्तो बन्न चाहन्छु भनेर म भन्नेछु । मेरो शिरमा एलीशाको अभिषेक परेको म अत्यन्तै चाहना गर्नेछु ताकि मैले दोब्बर आशिष् पाउन सकूँ र यो संसारमा विजयी जीवन जिउन सकूँ ।**

कृपया केही समय विचार गर्नुहोस् । के तपाईं एलीशाजस्तै बोलाइनुभएको छ ? तपाईंलाई एलीशाजस्तै गरी बोलाइएको भए पनि के तपाईंले शरीर र आत्मामा तपाईंका दैनिक समस्याहरूसँग अझै संघर्ष गरिरहनुभएको छ ? केही असल काम वा सेवकाइको नाममा पैसा संकलन गरिरहने गेहजीझैं जीवन के तपाईंले जिइरहनुभएको छ ?

आजका केही परमेश्वरका सेवकहरूका झोलामा बाइबल वा सुसमाचारका पर्चाहरू नहुन सक्छ। त्यसको साटो तिनीहरू आफ्ना केही "घरेलु परियोजना" र केही सम्बन्धित कागजहरूका निम्ति केही बजेटका कागजहरू भएको निश्चित गर्छन् । यस्ता बिस्तृत कुराहरू कण्ठस्थ गर्ने केही मानिसहरू अझ धेरै बुद्धिमान छन्। आजका परमेश्वरका धेरै सेवकहरू तिनीहरूले देख्ने हरेक कुरामा पैसा संकलन गर्ने योजना निर्माण गर्नमा अनुभवी छन् । तिनीहरूसँग पैसा संकलन गर्ने केही "पवित्र कारणहरू" छन् ।

जब परमेश्वरका सेवकहरू पैसाको आवश्यकतामा पर्छन्, केहीले घोषणा गर्न सुरु गर्छन्, "मलाई तपाईंको पैसा दिनुहोस्। म तपाईंको निम्ति आँसुको साथमा प्रार्थना गर्नेछु। त्यसपछि तपाईं निश्चय नै भाग्यमानी बन्नुहुनेछ ।" केहीले भन्छन्, "परमेश्वरले ७५० मानिसहरू चाहनुहुन्छ, जसले हाम्रो सेवकाइको निम्ति रु. १००० दिन सक्छन् ।" केहीले भन्छन्, "परमेश्वर

*....Contd. to page 9*


## Echo of His Call Postal Courses for candidates in India only

### 1. BIBLECOR

We offer Postal Course on Basic Truths of The Bible to new Christians and non-Christians in English – 57 pages, Hindi – 76 pages & Tamil – 96 pages. You will get a course book entitled **New Life – For You!** **After the completion of this course, you will get a certificate. There will be no compulsory fees.** **You will be blessed!**

### 2. THEOLOGICAL CORRESPONDENCE COURSE

Advanced Distance Education called **Theological Correspondence Course** is available in English – 537 pages and Tamil – 652 pages for Pastors, Evangelists, Christian Leaders and for lay people who have passion to do God's Ministry! A fee of Rs. 1000/- is charged. 7 Books with 149 Chapters are supplied. **Certificate in Ministry** will be awarded. **God will bless you!**

***For more details, write to us.***

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**



## कर छुट

कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यसको लागि आधिकारिक रसिद जारी गरिनेछ। यस्ता सहयोग चन्दाका सबै चेक तथा ड्राफ्टहरू अङ्ग्रेजीमा लेखेर बोलावटको प्रतिध्वनि शैक्षिक ट्रस्टको नाममा लेखेर हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

### कलम म्याटको पुरानो कथा

**"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" (हितोपदेश २२:६)।**

गाउँको सरकारी स्कुलमा मेरो ५ कक्षा पूरा गरिसकेपछि म हाई स्कुलमा भर्ना भएँ, जहाँ मैले पहिलो पटक अंग्रेजी अक्षर सिकेको थिएँ। स्कुलको पहिलो दिनमा कक्षाको शिक्षकले भोलिपल्ट **कलम र नोट कापी** ल्याउन सबै विद्यार्थीहरूलाई निर्देशन दिनुभयो। जब म घरमा आएँ, मैले यो आवश्यकताको बारेमा मेरी आमालाई बताएँ किनकि मेरो बुबा बाहिर जानुभएको थियो। उहाँले नोट कापी जुटाउन सक्नुभयो तर मेरो निम्ति कलम किन्न सक्नुभएन। उहाँले हाम्रा छिमेकी आफन्तहरूबाट यो आवश्यकता पूरा गर्न नचाहनुभएको हुनाले उहाँले मलाई आफ्ना असक्षमताको बारेमा बताउनुभयो र मेरो प्रयोगको निम्ति कलम जुटाइदिन प्रभु येशू ख्रीष्टमा प्रार्थना गर्न भन्नुभयो।

उहाँको वचनको आज्ञाकारीतामा मैले रातको समयमा घुँडा टेकें र मलाई एउटा कलम जुटाइदिनुहुन भनी परमेश्वरमा प्रार्थना गरें र सुत्न गएँ। अर्को दिन बिहान नभएसम्म परमेश्वरले कुनै कलम मलाई दिनुभएन। त्यसैले म कलमबिना नै स्कुल जानुपर्‍यो। जब सबै अन्य विद्यार्थीहरूले आफ्नो प्रयोगको लागि कलमहरू ल्याएका थिए, शिक्षकको आज्ञा पालन गर्न नसक्ने केवल म मात्रै थिएँ। त्यसैले, शिक्षक मसँग खुसी हुनु भएन। अर्को दिन कलमबिना म स्कुल आउनुपर्दैन भनेर उहाँले मलाई बताउनुभयो।

म घरमा आएँ र शिक्षकको बेखुसीपनाको बारेमा मेरी आमालाई बताएँ। उहाँ केवल मतिर फर्केर मुस्कुराउनुभयो र दोस्रो दिनमा पनि प्रभु येशू ख्रीष्टमा निरन्तर प्रार्थना गर्न भन्नुभयो र कलम बाटोमा नै छ भनेर निश्चित गराउनुभयो। मैले त्यसै गरें र केही पनि नभएको मैले पाएँ। त्यसैले म फेरि रित्तो हात स्कुल गएँ। जब शिक्षकले मलाई सोध्नुभयो, मैले भनें कि मेरी आमाले निर्देशित गर्नुभएझैं मैले प्रभु येशू ख्रीष्टमा प्रार्थना गरेको छु र कलम बाटोमा आउँदै थियो। शिक्षकले झर्को मान्नुभयो र म र मेरी आमाको व्यवहारमा रिसाउनुभयो। अर्को दिन कलमबिना स्कुल नआउन उहाँले मलाई बताउनुभयो।

ठूलो निरासाको साथमा मैले यो खबर मेरी आमालाई बताएए। मेरो **कलमको प्रार्थना** सुन्नुभएको निम्ति प्रभु येशू ख्रीष्टलाई धन्यवाद दिन भन्नुभयो। मैले मध्यरातसम्मै प्रभुलाई धन्यवाद दिन सुरु गरें। तर म कलमबिना स्कुल गएँ भने स्कुलमा भोलिपल्ट मैले सामना गर्नुपर्ने कठिन समय र दण्डको बारेमा सोचेर म सुत्न सकेको थिइनँ।

अचानक, मध्यरातमा कसैले ढोकामा ढक्ढक्याएको हामीले सुन्यौं। मेरी आमाले मलाई बताउनुभयो कि हाम्रो घरमा कुनै पनि पुरुष नभएको थाहा पाएर केही चोरहरूले ढोका ढक्ढक्याएको हुन सक्छ र मलाई खाटमुनि सुत्न र शान्त रहन बताउनुभयो।

त्यसपछि हामीले मेरी आमाको नाम उल्लेख गरेर झ्यालबाट बोलाइरहेको आवाज सुन्यौं। उहाँ मेरो काका सेल्भामानी हुनुहुन्थ्यो, जो हाम्रो घरदेखि ७० किलोमिटर टाढा पालायाम्कोट्टाइ भन्ने सहरमा पुलिस अफिसर भएर काम गर्नुहुन्थ्यो। हामीले खुसीसाथ ढोका खोल्यौं। उहाँले मलाई सदाझैं बिस्कुट, चकलेटहरू, लुगा, आदि धेरै उपहार ल्याइदिनुभएको थियो। जब मैले एउटा विशेष उपहारको बाकस खोलें, मैले त्यसभित्र बाकस पाएँ। जब मैले त्यसलाई खोलें, त्यहाँ महंगो कलमहरूले भरिएको बाकस पाएँ (नटराज कलमहरू, जुन ती दिनमा अत्यन्तै महंगो थिए)। त्यो बाकसमा २४ वटा कलमहरू थिए।

परमेश्वर येशू ख्रीष्टले मेरा प्रार्थना सुन्नु मात्रै भएन तर मेरा प्रार्थनाको जवाफ दिनुभएको छ भन्दै त्यो रात म उफ्रिएको थिएँ। पोखिएको आनन्दको कारण म त्यो पूरै रात सुत्न सकिनँ।

अर्को दिन बिहान, म २४ वटै महंगो कलमहरूको बाकसको साथमा खुसी साथ स्कुल गएँ, जबकि अन्य विद्यार्थीहरूले एउटा मात्रै कलम ल्याएका थिए। रिसाएको अनुहारको साथमा शिक्षक मकहाँ आउनुभयो र के भएको थियो भनेर सोध्नुभयो। हिजो बाटोमा भएको कलम आज मेरो हातमा अचम्म प्रकारले आएको थियो भनेर मैले जवाफ दिएँ। उहाँले खुसीसाथ मेरो ढाडमा धाप दिनुभयो र विद्यार्थीहरूका माझमा घोषणा गर्नुभयो कि जीवित परमेश्वर हुनुहुन्छ, जसको नाम येशू ख्रीष्ट हो।

प्रिय पाठकहरू, जब यो घटना घटेको थियो, म सात वर्षको मात्रै थिएँ तर यो अनुभव मेरो मनमा अझै पनि ताजा छ। मलाई कलमहरू प्रदान गर्ने त्यही परमेश्वर अझै पनि जीवित हुनुहुन्छ। **उहाँ हिजो, आज र सदासर्वदा समान हुनुहुन्छ** (हिब्रू १३:८)। त्यसैले, मैले आज पनि मेरो कोठामा सानो म्याट राखिरहेको छु, जसलाई म **"कलम**

म्याट" भन्छु । **म हरेक दिन बिहान सबेरै कलम म्याटमा जान्छु र मेरो व्यस्त समयका बाबजुद पनि कम्तीमा दिनको तीन पटक प्रार्थना गर्ने कोसिस गर्छु र सोही परमेश्वर येशू ख्रीष्टलाई मेरा आवश्यकताहरू बताउँछु । अहिलेसम्म यो कलम म्याटबाट मैले उहाँबाट सियोदेखि केही मिनिबसहरू, ठूला भवनहरू, आदि प्राप्त गरेको छु । त्यसैले म निष्कर्षमा आएको छु कि पवित्र बाइबलल बोक्ने हातहरू र प्रार्थना गर्न घुँडा टेक्ने गोडाहरू असफलतामा अन्त्य हुनेछैनन् ।**

मेरो सेवकाइको ४३ वर्षको समयमा हाम्रो बहुसंख्यक सेवकाइहरूका आवश्यकताको निम्ति मैले पैसा संकलन गर्ने परियोजना संचालन गरेको वा पैसा संकलन गन व्यक्तिहरूको घरको दैलोमा जाने वा सामानहरू ल्याउने काम गरेको छैनँ । मैले मेरो परमेश्वरबाट पैसा प्राप्त गरेको छु, जसले मलाई जवाफ दिनुभयो, मेरा सबै आवश्यकताको निम्ति मेरो कलम म्याटबाट ।

**"जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु"** (फिलिप्पी ४:१३) ।

************

---

*पृष्ठ ७ बाट*

मकहाँ आउनुभयो र आफ्नो अवकासको समयमा ठूलो रकम प्राप्त गर्ने मानिसहरूले आफ्नो सारा रकम हाम्रो सेवकाइमा दिनुपर्छ भनेर बताउनुभयो, हामी ५ वर्षपछि सो पूर्ण रकम फिर्ता गर्नेछौं ।"

मानिसहरूलाई छल गर्न येशूले आफ्नो चेलाहरूलाई सिकाउनुभएको थिएन । त्यसको साटो उहाँले तिनीहरूलाई भन्नुभयो, **"...समुद्रमा गएर बल्छी हान र पहिले परेको माछा ल्याऊ । त्यसको मुख खोल्दा तिमीले एउटा चाँदीको सिक्का पाउनेछौ । त्यो लगेर तिम्रो र मेरो निम्ति तिनीहरूलाई देऊ"** (मत्ती १७:२७) । परमेश्वरका केही छोराछोरीले गलत तरिकामा पैसा प्राप्त गर्ने गर्थे र त्यसको स्वादमा आनन्द गर्थे । केहीचाहिँ पैसाका केही भाग प्रभुको काममा दिन तयार छन् । तर परमेश्वर त्यस्तो गलत तरिकाले कमाएको पैसाको निम्ति हुनुहुन्न । प्रिय परमेश्वरका सेवकहरू, तपाईंका सबै क्रियाकलापहरूमा सावधान हुनुहोस् ।

जब हामीले इमानदारपूर्वक हाम्रो सेवकाइ गर्छौं, हामी आफ्ना खर्च पूरा गर्न कतै भौतारिनु आवश्यक छैन । हामीले पैसा प्राप्त गर्ने योजनाहरू बनाउन आवश्यक छैन । हामीले ठूला योजनाहरू र ती संचालन गर्न परिचय गर्न आवश्यक छैन । हामीलाई बोलाउनुहुने प्रभु विश्वासयोग्य हुनुहुन्छ । उहाँले आफ्ना छोराछोरीलाई कहिल्यै शर्ममा पर्न दिनुहुनेछैन । उहाँले आफ्ना कुनै पनि सेवकाइलाई बेवास्ता गर्नुहुनेछैन । तर निश्चय नै हाम्रा क्रियाकलापहरूका पछाडि भएका इच्छालाई अवलोकन गर्नुहुनेछ ।

**परमेश्वरका प्रिय छोराछोरीहरू, के तपाईं आफ्नो मनको चरित्र अनुसार जीवन जिइरहनुभएको छ ? चाहे सानो वा ठूलो होस्, के तपाईं एलियाजस्तै हुने चाहना गर्नुहुन्छ, परमेश्वरले चाहनुभएको पवित्र जीवन जिउनुहोस् र स्वर्गमा पुग्नुहोस् ?**

**अथवा**

**के तपाईं एलीशाजस्तै हुनुहुन्छ, तपाईंको विश्वासमा स्थिर रहने र निरन्तर प्रार्थना गर्ने ताकि तपाईं आफ्नो बोलावटमा बलियो हुन र दोब्बर आशिष् पाउन सक्नुभएको होस् ? के तपाईं एलीशालाई पछ्याउनुहुनेछ र आफ्ना शत्रुहरूभन्दा बुद्धिमान, तपाईंका शिक्षकहरूभन्दा धेरै अन्तर्ज्ञान भएको र धर्म-गुरुभन्दा बढी समझ भएको बन्नुहुन्छ (भजनसंग्रह ११९:९८-१००) ?**

**अथवा**

**सेवकाइको नाउँमा केही गरिरहने र पैसा कमाउनको निम्ति यता र उता दौडने गेहजीजस्तो के तपाईं बन्न चाहनुहुन्छ, जसले तपाईंको सेवकाइ गुमाउन र तपाईं र तपाईंका सन्तानहरूका निम्ति श्राप कमाउन डोऱ्याउन सक्नेछ ?**

**तपाईंको निर्णय तपाईंको चाहनामा आधारित छ । तपाईंको जवाफ के हो ?**

************

**Echo of His Call salutes a remarkable man for his extra-ordinary contribution in publications!**



We regretfully announce that

**Bro. Manuel M. Paulraj**

**Senior Associate Editor**

of **Echo of His Call,** English monthly newspaper who was ministering with us for the past about 43 years, aged 72 years had entered into glory on the **25th May, 2022, Wednesday at 6.00 a.m**. He is survived by his wife, son, daughter-in-law, daughter, son-in-law and grand children. Kindly pray for them. We also thank all our brothers and sisters who prayed for his recovery during his illness.

**- Pr. S. Sam Selva Raj**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## A good opportunity to get Echo of His Call monthly magazine at free of cost

If you could send the addresses of your friends / relatives through post, letter, e.mail, WhatsApp or phone to us, we will dispatch **Echo of His Call** monthly magazine to them at free of cost.

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th JULY, 2022**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**